निर्णय नं. १

मिथिला नगर कार्यपालिकाले चालु आ.व. २०७८।०७९ को लागि तय भई मिति २०७८ श्रावन १ गतेदेखि लागु गरेका कर, राजश्व, सेवा शुल्क समेतलाई समेटेको आर्थिक व्यवस्था सम्बन्धी निम्नानुसारका विधेयकलाई सभाबाट स्वीकृत भयो ।

मिथिला नगरपालिकाको अर्थ सम्बन्धी प्रस्ताबलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना : मिथिला नगरपालिकाको आर्थिक वर्ष २०७८।२०७९ को अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनको निमित्त स्थानीय कर, दस्तुर, शुल्क, जरिवाना समेत संकलन गर्ने, छुट दिने तथा अन्य आयको संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२६(१) र २२९ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम मिथिला नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम"मिथिला नगरपालिकाको आर्थिक ऐन, २०७८"रहेको छ ।

२. यो ऐन मिथिला नगरपालिका क्षेत्रमा आर्थिक बर्ष २०७८।२०७९ को लागि लागु हुनेछ ।

१। **सम्पति कर :-** नगरपालिकाको क्षेत्र भित्र अनुसूचीमा उल्लेख भए बमोजिम तोकिए बमोजिमको घरजग्गामा **सम्पति कर** लगाइने र असूल उपर गरिनेछ ।

२। **भूमि कर (मालपोत) :** नगरपालिका क्षेत्रभित्र अनुसूचीमा उल्लेख भए बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।**तर सम्पति कर लागेको जग्गाको भूमीकर (मालपोत) लाग्ने छैन।**

३। **घर जग्गा बहाल कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

४। **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा, होटल, रेस्टुरेन्ट तथा रिसोर्टमा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचीमा उल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

५। **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत तोकिए बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६। **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका **टाँगा रिक्सा, अटो रिक्सा, ई-रिक्सा जस्ता** सवारी साधनमा अनुसूचीमा उल्लेख भए बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

७। **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचीमा उल्लेख भए बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

८। **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा **प्रदेश सरकारले तोके बमोजिम मनोरन्ज** कर असुल उपर गरिनेछ।

९। **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचीमा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०। **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचीमा उल्लेख भए बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११। **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचीमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२। **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र **को उद्यान, पार्क तथा ऐतिहासिक तथा पुरातात्विक सम्पदामा** अनुसूचीमा उल्लेख भएको दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३। **कर छुटः** तोकिए बमोजिम बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४। **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

१५। **अनुसूचीमा उल्लेख नभएका दरहरुको हकमा साविकमा कायम रहेको करको दर कायम हुनेछ । साविकमा समेत उल्लेख नभएको क्षेत्रमा नगर कार्यपालिकाले करको दर कायम गरी लागू गर्नेछ ।**

१६। **स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ अनुसार प्रदेश र नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर, निर्धारण तथा वाँडफाँट ऐनमा तोकिए बमोजिम हुनेछ।**

अनुसूची १

मिथिला नगरपालिकाले आगामी बर्ष २०७८।२०७९ मा लगाउने कर, शुल्क, दस्तुर, राजश्व दरहरु

कर, सेवा शुल्क तथा दस्तुर

१.स्थानीय कर :-

१.१ सम्पति करको दर

करयोग्य सम्पत्तिको मूल्य	बार्षिक दर (कोष्ठमा उदाहरण)
पाँच लाख रुपैयाँ सम्मको मूल्यांकनमा	एक मुष्ठ रु. २५।०० (पचिस)
पांच लाख एक देखि पचास लाख रुपैयाँसम्म	प्रति लाख रु. ५।०० (पाँच)
एकाउन्न लाख देखि एक करोड रुपैयाँसम्म	प्रति लाख रु. १०।०० (दस)
एक करोड एक देखि दुई करोड रुपैयाँसम्म	प्रति लाख रु. १३।०० (तेह्र)
दुई करोड एक रुपैयाँदेखि तिन करोड रुपैयाँसम्म	प्रति लाख रु. १५।०० (पन्द्र)
तिन करोड एक रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म	प्रति लाख रु. २३।०० (तेईस)
पाँच करोड भन्दा माथि	प्रति लाख रु. २५।०० (पचिस)

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

१.१.१ सम्पत्ति करमा लागु हुने संरचनाको मूल्यांकन दर :-

क्र.सं.	संरचनाको प्रकार	प्रति वर्ग फिट मूल्य रु.	प्रति वर्ष टुटफुट कट्टी %	ह्रास कटी गरीने वर्ष
१	ढुंगा वा इटाको पखाल प्रति रनिङफिट	८।००	३.००	-
२	भित्र काँचो बाहिर पाको ईटामा माटोका जोडाई भएको वा काठे काठबाट बनेको र जस्ता, भिंगटी, टायल, एसबेस्टसको छाना भएको घर	४५०।००	३.००	२५ वर्ष
३	भित्र बाहिर पाको ईटा वा ढुङ्गामा माटोको जोडाई भई भित्र बाहिर सिमेन्ट प्लास्टर गरी छाना ढलान (आर.सि.सि.वा आर.वि.सि.) गरिएको वा जस्ता, टायल, भिंगटी, एसवेस्टसको छाना भएको घर	५२५।००	२.००	३० वर्ष
४	भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट प्लास्टर गरी छाना ढलान (आर.सि.सि.वा आर.वि.सि.) गरिएको घर	८००।००	१.००	७० वर्ष
५	आर.सि.सि.फ्रेम स्ट्रेक्चरमा लिफ्ट/एक्सलेटर जडान भएको घर	१,८००।००	०.७५	१०० वर्ष
६	स्टील फ्रेम स्ट्रक्टर, फविड्ट्रस, फाईवर वा यस्तै संरचना	१,५०००।००	१.००	-

जग्गाको मूल्याङ्कनको हकमा मालपोतको स्वीकृत दररेटमा नघटने गरी मूल्याङ्कन समितिको सिफारिस समेतका आधारमा स्वयं घोषणा प्रणाली अनुसार मूल्याङ्कन गरिने छ ।

१.२ भूमीकर (मालपोत)

क) पूर्व पश्चिम राजमार्ग, जनकपुर जाने राजमार्गमा छोएका बजार क्षेत्र (ढल्केबर चौक देखि पूर्व पुल सम्म र पश्चि रोशन आयल निगम, दक्षिण ६ नं वडा कार्यालय, १० नं. वडाको रातु पुल देखि ९ नं. वडाको वडहरी पुल सम्म) का व्यवसायिक घडेरीहरु प्रतिकट्ठा रु. २००।०० र बजार क्षेत्र बाहेक रु.१५०।००

ख) आवास प्रयोजन घडेरीहरु

बजार क्षेत्र प्रतिकट्ठा रु. १००।०० ग्रामीण क्षेत्र प्रतिकट्ठा रु. २०।००

ग) बजार क्षेत्रका खेतियोग्य जमिनहरु

ईकाई	रु.
डेढ विगाहा सम्मको प्रति कट्ठा	१५।००
डेढ विगाहा माथि ३ विगाहा प्रति कट्ठा	८।००

३ विगाहा माथि प्रति कट्ठा	१०।००

घ) ग्रामीण क्षेत्रका क्षेत्रका खेतियोग्य जमिनहरु

ईकाई	रु
डेढ विगाहा सम्मको प्रति कट्ठा	६।००
डेढ विगाहा माथि ३ विगाहा प्रति कट्ठा	१०।००
३ विगाहा माथि प्रति कट्ठा	१५।००

१.३ घर जग्गा बहाल कर :

सि.नं.	विवरण	रकम
१	घर धनीबाट बहाल रकमको (सम्झौता अनुसार)	१० %

१.४ व्यवसाय कर :

सि.नं.	विवरण	करका दरहरु
	व्यापारीक वस्तु	
१	**मदिरा पसल**	
	रक्सी, वियरको डिस्टिब्युटर्स	५०००/००
	रक्सी, वियरको थोक पसल	३०००/००
	रक्सी, वियरको खुद्रा विक्री पसल	१५००/००
२	**सुर्ती जन्य (धूम्रपान पसल)**	
	चुरोट, विडी, सूर्तीजन्य पदार्थको डिलर पसल	३०००/००
	चुरोट, विडी, सूर्तीजन्य पदार्थको थोक पसल	२०००/००
	चुरोट, विडी, सूर्तीजन्य पदार्थको खूद्रा पसल	१५००/००
३	**हल्का पेय पदार्थ पसल**	
	हल्का पेय पदार्थको डिलर	२०००/००
	हल्का पेय पदार्थको खुद्रा पसल	१२००/००
४	**सुन चांदी पसल**	
	सुन चांदी पसल श्रेणी क	५०००/००
	सुन चांदी पसल श्रेणी ख	३०००/००
	सुन चांदी पसल श्रेणी ग	१५००/००
५	**औषधी व्यवसाय**	
	औषधी सुपर डिस्ट्रिव्यूटर्स	३०००/००
	औषधी थोक तथा डिस्ट्रिव्यूटर्स	२५००/००
	औषधी खुद्रा पसल (डक्टर भएको)	१५००/००
	औषधी खुद्रा पसल (डक्टर नभएको)	१२००/००
६	**आयुर्वेदिक औषधी पसल**	
	हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी थोक पसल	३०००/००
	हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी खुद्रा	२०००/००
	एग्रोभेट थोक पसल	४०००/००
	एग्रोभेट खुद्रा पसल	२०००/००
७	**स्टेशनरी तथा पुस्तक पसल**	
	स्टेशनरी तथा पुस्तक डिस्ट्रिव्यूटर्स	३०००/००
	स्टेशनरी तथा पुस्तक थोक	२०००/००
	स्टेशनरी तथा पुस्तक खुद्रा	१५००/००
	मूद्रण सामाग्री खरिद बिक्री तथा कापी उद्योग	४०००/००

सि.नं.	विवरण	करका दरहरु
८	**डिपार्टमेन्टल पसल**	
	डिपार्टमेन्टल पसल/सपिङ्ग सेन्टर श्रेणी क	४०००/००
	डिपार्टमेन्टल पसल/सपिङ्ग सेन्टर श्रेणी ख	३०००/००
९	**कस्मेटिक पसल**	
	कस्मेटिक थोक पसल श्रेणी क	२०००/००
	कस्मेटिक खुद्रा पसल श्रेणी ख	१२००/००
	कस्मेटिक खुद्रा पसल श्रेणी ग	१०००/००
१०	**मोटर पार्ट तथा बोडी बिल्डर्स सामान बिक्री**	
	मोटर पार्टस. सामान बिक्री श्रेणी क	४०००/००
	मोटर पार्टस सामान बिक्री श्रेणी ख	३०००/००
	बोडी बिल्डर्स सामान बिक्री श्रेणी क	३०००/००
	बोडी बिल्डर्स सामान बिक्री श्रेणी ख	२०००/००
११	**लुब्रिकेसन सेक्सन तर्फ (आयल निगम)**	
	लुब्रिकेसन थोक पसल	३०००/००
	लुब्रिकेसन खुद्रा पसल	२०००/००
१२	**प्लाई तथा ग्लास हाउस**	
	प्लाई तथा ग्लास हाउस थोक पसल	३०००/००
	प्लाई तथा ग्लास हाउस खुद्रा पसल	२०००/००
१३	**कपडा तथा फेन्सी पसल**	
	कपडा,फेन्सी तथा व्याग थोक पसल	३०००/००
	कपडा,फेन्सी तथा व्याग खुद्रा पसल श्रेणी क	१५००/००
	कपडा,फेन्सी तथा व्याग खुद्रा पसल श्रेणी ख	१२००/००
१४	**धागो टांक फस्नर थोक पसल**	
	धागो, टांक, फस्नर थोक पसल	१५००/००
	धागो, टांक, फस्नर खुद्रा पसल.	१२००/००
१५	**इलेक्ट्रोनिक बिक्री पसल**	
	मोबाइल कम्पनी सेल्फ उपशाखा, डिस्ट्रिव्यूटर्स	३०००/००
	इलेक्ट्रोनिक थोक पसल	३०००/००
	इलेक्ट्रोनिक खुदा पसल श्रेणी क	२०००/००
	इलेक्ट्रोनिक खुदा पसल श्रेणी ख	१५००/००
	रेडियो,घडी,क्यालकुलेटरमात्र बिकी पसल	१०००/००
	अडियो, भिडियो क्यासेट तथा मोबाईल पसल	१०००/००
१६	**विद्युत सामाग्री पसल**	
	विद्युत सामाग्री थोक पसल	२५००/००
	विद्युत सामाग्री खुद्रा पसल	२०००/००
१७	**हार्ड वयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल**	
	थोक पसल	४०००/००
	खुद्रा पसल श्रेणी क	३०००/००
	खुद्रा पसल श्रेणी ख	२०००/००
१८	**पेट्रोलियम पदार्थ**	
	पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि	५०००/००
	पेट्रोलियम पदार्थ २ वटा पम्प भएको	३५००/००

सि.नं.	विवरण	करका दरहरु
	पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको	२०००/००
	पेट्रोलियम पदार्थ पम्प नभएको डिलर	१५००/००
	ग्यास सिलिण्डर डिलर सव डिलर	१५००/००
१९	**स्टील, आल्मुनियमको पसल**	
	स्टील, आल्मुनियमको थोक पसल	२५००/००
	स्टील, आल्मुनियमको खुद्रा पसल	२०००/००
२०	**फर्निशर्स पसल**	
	फ्लोरिङ तथा फर्निशर्स थोक पसल	४०००/००
	फ्लोरिङ तथा फर्निशर्स खुद्रा पसल	२५००/००
२१	**सवारी साधन एजेन्सी तथा थोक विक्री पसल**	
	बस,ट्रक, ट्रयाक्टर जिप,कारको डिलर	७०००/००
	मोटरसाइकल डिलर	५०००/००
	मोटरसाइकल अन्य सवारी साधनको डिलर(स्वदेशी उत्पादन)	
	इलेक्ट्रिक साईकल तथा साइकल पसल	२५००/००
	रि कन्डिसन हाउस	२०००/००
२२	**थोक तथा एजेन्सी**	
	टायर डिलर	३०००/००
	पम्पिङ्गसेट, जेनेरेटर डिलर	२५००/००
	विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु	२५००/००
२३	**खाद्यान्न तथा किराना पसल**	
	खाद्यान सप्लायर्स	३०००/००
	गल्ला थोक पसल	२५००/००
	खाद्यान,किराना थोक पसल	२०००/००
	खाद्यान,किराना खुद्रा पसल	१२००/००
	भित्री सडकमा रहेका साना किराना पसल	१०००/००
	आलु, प्याज, लसुन, अदुवा थोक पसल	१०००/००
२४	**फलफुल पसल**	
	फलफुल थोक पसल	२०००/००
	फलफुल खुद्रा पसल	१०००/००
२५	**सागसब्जी पसल**	
	सागसब्जी थोक पसल	२०००/००
	सागसब्जी खुद्रा पसल	७००/००
२६	**सुतीमात्रको कपडा पसल**	
	सुती कपडा थोक पसल	१०००/००
	सुती कपडा खुद्रा पसल	७००/००
	ग्रामीणक्षेत्रक पसल श्रेणी क	६००/००
	ग्रामीणक्षेत्रक पसल श्रेणी ख	५००/००
	बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा	
२७	**चिकित्सक**	
	निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट डाक्टर	२५००/००
	निजी सेवा संचालन गर्ने मेडिकल अफिसर	२०००/००
	कबिराज	१५००/००

सि.नं.	विवरण	करका दरहरु
२८	**कन्सल्ट्यान्ट सेवा**	
	इन्जिनियरिङ परामर्श सेवा फर्म	२५००/००
२९	**कानुन व्यवसायी**	
	ल फर्म तथा कानुन परामर्श सेवा	२०००/००
३०	**लेखा परीक्षण व्यवसाय तर्फ**	
	लेखा परीक्षण (सि.ए.)	२५००/००
	लेखा परीक्षण (र.ले.प.)	१५००/००
३१	**दन्त चिकित्सा सेवा**	
	डेन्टल होम सेवा	२५००/००
	दन्त चिकित्सा सेवा	१५००/००
३२	**अनुसन्धानकर्ता तथा सेवा परामर्श दाता**	
	अनुसन्धानकर्ता	२०००/००
	कम्प्यूटर एनालिस्ट तथा प्रोग्रमर	१५००/००
	विमा एजेन्ट	१५००/००
	सर्भेयर	१५००/००
	नोटरी पब्लिक अनुवादक	१५००/००
	पशु चिकित्सक	१५००/००
	शेयर दलाल	२०००/००
	ढुवानी कम्पनी तथा ट्रान्सपोर्ट व्यवसाय	३०००/००
	संथागत पेन्टर	५०००/००
	निर्माण व्यवसाय	
	स्वदेशी निर्माण व्यवसायी	४०००/००
	विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता	१००००/००
३३	**भवन निर्माण व्यवसाय**	
	मिक्चर तथा सटरिङ्ग सामान भएकोलाई	३५००/००
	सटरिङ्ग सामानमात्र भएको	२५००/००
	भवन निर्माण व्यवसायी	२०००/००
३४	**सटरिङ्ग व्यवसाय**	
	मिक्चर तथा सटरिङ्ग सामान भएको	२५००/००
	सटरिङ्ग सामानमात्र भएको	२०००/००
	वाटर डिलिङ्ग	१०००/००
	उत्पादनमुलक उद्योग	
३५	**प्लाष्टिक उद्योग**	
	प्लाष्टिक उद्योग	
	श्रेणी क	१००००/००
	श्रेणी क	५०००/००
	श्रेणी ग	२०००/००
	प्लाष्टिक थोक पसल	२०००/००
	प्लाष्टिक पसल तथा सप्लायर्स श्रेणी क	१५००/००
	प्लाष्टिक पसल तथा सप्लायर्स श्रेणी ख	१२००/००
३६	**चप्पल उद्योग**	
	चप्पल उद्योग श्रेणी क	३०००/००

सि.नं.	विवरण	करका दरहरु
	चप्पल थोक विक्रि पसल	२५००/००
	चप्पल विक्रि खुद्रा विक्रि पसल श्रेणी क	१५००/००
	चप्पल विक्रि खुद्रा विक्रि पसल श्रेणी ख	१०००/००
३७	**ग्रील उद्योग**	
	स्टील,आल्मुनियम ग्रील उद्योग	२५००/००
	फलामको ग्रील उद्योग	२०००/००
३८	**साबुन उद्योग तथा विक्रि पसल**	
	साबुन उद्योग श्रेणी क	३०००/००
	साबुन उद्योग श्रेणी ख	२५००/००
	साबुन विक्रि पसल	१०००/००
३९	**जुत्ता उद्योग तता विक्रि पसल**	
	जुत्ता उद्योग तथा जुत्ताको शो रुम	३०००/००
	जुत्ताको शो रुम तथा विक्रि पसल	२०००/००
	जुत्ता मर्मत गर्ने	१००/००
४०	**पशुपालन तथा पशु आहार उद्योग**	
	पशु आहर तथा दाना उद्योग	१५०००/००
	पशु आहर बिक्री केन्द्र	१५००/००
	पशु पंछी पालन उद्योग	१०००/००
४१	**घरेलु कुटिर उद्योग**	
	अगर बत्ती उद्योग	१०००/००
	मैन बत्ती उद्योग	१०००/००
	टिकी उद्योग	५००/००
	अचार उद्योग	५००/००
	अन्य कुटिर उद्योग	५००/००
४२	**कपडा तथा गार्मेन्ट उद्योग**	
	कपडा उद्योग	४०००/००
	गारमेन्ट उद्योग	३०००/००
	ज्याकेट तथा ब्याग उद्योग	२५००/००
	होजियारी तथा धागो उद्योग	२०००/००
	सिरक डसना उद्योग/पसल	१५००/००
	ढाका उद्योग श्रेणी क	१५००/००
	ढाका उद्योग श्रेणी ख	१०००/००
४३	**छाता ,सलाई उद्योग**	
	सलाई उद्योग श्रेणी क	३०००/००
	सलाई उद्योग श्रेणी ख	२०००/००
	छाता उद्योग श्रेणी क	२०००/००
	छाता उद्योग श्रेणी ख	१५००/००
४४	**पेय पदार्थ उत्पादन उद्योग,**	
	मिनरल वाटर उद्योग	३५००/००
	पिउने पानी सप्लायर्स	२५००/००
	आइस बरफ उद्योग	१०००/००
	आइसक्रीम उद्योग	१५००/००

सि.नं.	विवरण	करका दरहरु
	सोडा उद्योग	१०००/००
४५	**भांडा उद्योग**	
	कांस,तामा, पित्तल, भाडा उद्योग	५०००/००
	आल्मुनियम भाडा उद्योग	२५००/००
	पलास्टीक भाडा उद्योग	२५००/००
	टिनको बाकस,बाल्टी,स्टोभउद्योग	३०००/००
४६	**कूटानी, पेलानी मिल**	
	फलावर मिल	२०००/००
	सेलर मिल	२५००/००
	कूटानी, पेलानी मिल (हलर समेत)	१५००/००
	चिउरा मिल	१५००/००
	मसला उद्योग	१०००/००
४७	**डेरी उद्योग**	
	डेरी उद्योग तथा बिक्रि पसल	२५००/००
	डेरी बिक्रि पसल	१५००/००
४८	**उपभोग्य बस्तु उत्पादन उद्योग**	
	कुकिज/पाउरोटी/नुडल्स उद्योग श्रेणी क	२५००/००
	कुकिज/पाउरोटी/नुडल्स उद्योग श्रेणी ख	२०००/००
	कन्फेक्सनरी उद्योग श्रेणी क	२०००/००
	कन्फेक्सनरी उद्योग श्रेणी ख	१५००/००
	बिस्कुट उद्योग श्रेणी क	२०००/००
	बिस्कुट उद्योग श्रेणी ख	१५००/००
	दालमोठ उद्योग	१५००/००
४९	**रिकण्डिसन उद्योग**	
	फलाम कृषि औजार उद्योग	२५००/००
	कागज, प्लाष्टिक रिकण्डिसन उद्योग	२०००/००
५०	**उर्जा मूलक उद्योग**	
	हाइड्रो पावर सम्बन्धी पार्ट उत्पादन क.	५०००/००
	बायो ग्यास उद्योग	४०००/००
	सौर्यशक्ति उत्पादन उद्योग	३०००/००
	मर्मत संभार पार्ट बिकी	१५००/००
५१	**कृषि तथा बनजन्य उद्योग**	
	कृषि तथा पशुपंछि फर्म (गाई/भैसी/रांगा/कुखुरा/बाखा/बंगुर आदि)	३०००/००
	प्लाइउड उद्योग	१५०००/००
	समिल उद्योग	५०००/००
	काठ बिक्री डिपो	४०००/००
	काठको फर्निचर उद्योग,/शोरुम (ठुलो)	३०००/००
	काठको फर्निचर शोरुम,(सानो)	२०००/००
	बेतबांसको उद्योग/ब्याम्बो शोरुम	१५००/००
	खनिज उद्योग तथा अन्य उद्योग	
५२	**कंक्रिट उद्योग**	
	कंक्रिट ब्लक	३०००/००

सि.नं.	विवरण	करका दरहरु
	सेनेटरी उद्योग तथा व्यवसाय	२५००/००
	क्रसर उद्योग	५००००/००
	ईटा उद्योग	१००००/००
	ब्लक उद्योग	३०००/००
	ह्युम पाईप ।पोल उद्योग	१५०००/००
	टाली उद्योग	२५००/००
	फर्निचर उद्योग /स्टील फर्निचर उद्योग	
	ठूलो फर्निचर उद्योग	२५००।००
	साना फर्निचार उद्योग	१०००।००
	मदिरा उद्योग	१५०००/००
	गूडका उद्योग	५०००/००
	ग्यास उद्योग	२५०००/००
	सिमेन्ट उद्योग	२५०००/००
	प्लाई उद्योग	२५०००/००
	सोलार उद्योग	२५००/००
	पशू वध शाला र मासू प्रशोधन उद्योग	१००००/००
	ब्रिकेट उद्योग	१००००/००
	अक्सिजन ग्यास उद्योग	२००००/००
	कोल्ड स्टोर	५००००/००
	वालूवा प्रसोधन उद्योग	२५०००/००
	पर्यटन उद्योग	
५३	**होटल लज एण्ड रेष्टुरेण्ट**	
	पार्टी प्यालेस	५०००/००
	होटल लज एण्ड रेष्टुरेण्ट	५०००/००
	होटल एण्ड लज श्रेणी क	४०००/००
	होटल एण्ड लज श्रेणी ख	३५००/००
	होटल एण्ड रेष्टुरेण्ट श्रेणी क	३५००/००
	होटल एण्ड रेष्टुरेण्ट श्रेणी ख	२५००/००
	दोहरी सांझ	२०००/००
	फास्टफुट/क्याफे/नास्ता तथा खाजा	२०००/००
	रेष्टुरेण्ट	२०००/००
	होटल,भोजनालय	२०००/००
५४	**मिष्ठान/क्याटरिङ्ग पसल**	
	मिष्ठान/क्याटरिङ्ग पसल	३५००/००
	मिष्ठान पसल श्रेणी क	२५००/००
	मिष्ठान पसल श्रेणी ख	२०००/००
	क्याटरिङ्ग	१५००/००
	चिया तथा कफि पसल	७००/००
५५	**टेण्ट हाउस**	
	विजुली डेकोरेशन/बैण्ड बाजा सहितको टेण्ट हाउस	३५००/००
	विजुली डेकोरेशन सहितको टेण्ट हाउस	२०००/००
	विजुली डेकोरेशन रहितको टेण्ट हाउस	१५००/००

सि.नं.	विवरण	करका दरहरु
	टेण्ड हाउस	१५००/००
	सेवा उद्योग	
५६	**छापाखाना**	
	अफसेट प्रेस	२५००/००
	स्किन प्रिन्ट प्रेश	२०००/००
	लेटर प्रिन्ट प्रेश	१५००/००
५७	**सिनेमा हल**	
	सिनेमा हल	४०००/००
	फिल्म डिस्ट्रिव्यूटर्स	३०००/००
५८	**कलरल्याव सेवा**	
	कलरल्याव सेवा	३०००/००
	भिडियो मिक्सिङ	२५००/००
	फोटोकपी सेवा	२०००/००
	संचार सेवा	
	टेलिफोन ,मोवाईल सेवा प्रदायक कम्पनी लाई	१००००/००
	टि.भि. च्यानल प्रशारण सेवा	५०००/००
	केबुल च्यानल प्रशारण सेवा	५०००/००
	एफ.एम.प्रशारण सेवा	२५००/००
	पत्रपत्रिका प्रकाशन सेवा	१५००/००
६०	**कम्यूनिकेशन सेवा**	
	टुर एन्ड टाभल्स सेवा/बुकिंग काउन्टर सेवा	२०००/००
	फोटोकपि/पी.सी.ओ.साइवर क्याफे सेवा	१५००/००
	कूरियर सेवाको मूख्य कार्यालय	१५००/००
	कूरियर सेवाको शाखा कार्यालय	१०००/००
	वित्तीय सेवा	
	वाणिज्य बैक मूख्य कार्यालय	२००००/००
	वाणिज्य बैक प्रति शाखा कार्यालय	१५०००/००
	विकास बैक मूख्य कार्यालय	२००००/००
	विकास बैकप्रति शाखा कार्यालय	१५०००/००
	फाइनान्स कम्पनी मूख्य कार्यालय	२००००/००
	फाइनान्स कम्पनी प्रति शाखा कार्यालय	९०००/००
	लघूवित्त कम्पनीहरु	५०००/००
	विमा कम्पनीहरु	७०००/००
	रेमिटान्स तथा मनी एक्सचेन्जर	२०००/००
	वित्तीय सहकारी संस्था	२०००/००
	स्वास्थ सेवा	
६२	**स्वास्थ्य सेवा व्यवसाय**	
	निजी अस्पताल	१००००/००
	नर्सिङ्गहोम	५०००/००
	एम.आर.आइ., सि.टि.स्क्यान, अल्ट्रा साउण्ड क्लिनिक	२५००/००
	पोली क्लिनिक	२०००/००

सि.नं.	विवरण	करका दरहरु
	प्याथोलोजी (दिशा,पिसाव,रगत,जांच) क्लिनिक	२०००/००
	अक्यूपन्चर,फिजियो थेरापी, स्वास्थ क्लिनिक	१५००/००
	एक्सरे क्लिनिक	१५००/००
	चश्मा पसल	१५००/००
	शिक्षा सेवा	
६३	**निजी शिक्षालय तथा संस्थागत विद्यालय**	
	माध्यमिक विद्यालय	१५०००/००
	आधारभूत विद्यालय	५०००/००
	मन्टेश्वरी तथा शिशु स्याहर केन्द्र	१०००/००
	छात्र / छात्रावास	१५००/००
६४	**इन्स्टिच्युट,तालिम तथा अनुसन्धान केन्द्र**	
	पोली टेक्निकल इन्स्टिच्युट, प्रशिक्षण समेत	२०००/००
	नर्सिङ्ग, सिए.मए.ए. र एच.ए. प्रशिक्षण समेत	२०००/००
	एजूकेशनल कन्सल्टेन्सी सेवा	१५००/००
	कम्प्युटर/ईलेक्ट्रो.तालिम केन्द्र	१५००/००
	सवारी चालक तालीम केन्द्र	१५००/००
	भाषा शिक्षा इन्स्टिच्युट,कोचिङ्ग सेन्टर	१५००/००
६५	**अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु**	
	अन्तराष्ट्रिय संस्था (व्यवसायिक कारोबार गर्ने)	३०००/००
	राष्ट्रिय संस्था	२५००/००
	मर्मत तथा संभार सेवा	
६६	**बोडी विल्डर्स सेक्सन तर्फ**	
	नयां बोडी बनाउने श्रेणी क	५०००/००
	नयां बोडी बनाउने श्रेणी ख	४०००/००
	बोडी मर्मत गर्ने	३०००/००
६७	**लेथ सेक्सन तर्फ**	
	लेथ सेक्सन श्रेणी क	३०००/००
	लेथ सेक्सन श्रेणी ख	२०००/००
	लेथ सेक्सन श्रेणी ग	१५००/००
६८	**टायर सेक्सन तर्फ**	
	टायर डिलर शोरुम	२५००/००
	टायर रिसोलिङ्ग श्रेणी क	२०००/००
	टायर रिसोलिङ्ग श्रेणी ख	१५००/००
	टायर पन्चर मर्मत	१०००/००
६९	**ईन्जिन मर्मत सेक्सन तर्फ**	
	ईन्जिन मर्मत श्रेणी क	३०००/००
	ईन्जिन मर्मत श्रेणी ख	२०००/००
	ईन्जिन मर्मत श्रेणी ग	१५००/००
७०	**पेन्टिङ्ग/डेन्टिङ्ग/वेल्डिंग सेक्सन तर्फ.**	
	डेन्टिङ्ग/पेन्टिङ्ग/वेल्डिङ्ग सेवा	२०००/००
	डेन्टिङ्ग सेवा	१५००/००
	पेन्टिङ्ग सेवा	१५००/००

सि.नं.	विवरण	करका दरहरु
	वेल्डिङ्ग सेवा	१५००/००
७१	**पम्प सेक्सन मर्मत तर्फ**	
	पम्प सेक्सन मर्मत श्रेणी क	२५००/००
	पम्प सेक्सन मर्मत श्रेणी ख	२०००/००
७२	**व्याट्री/इलेक्ट्रिक सेक्सन तर्फ**	
	व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी क	२०००/००
	व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी ख	१५००/००
७३	**वासिङ्ग सेक्सन तर्फ श्रेणी**	
	वासिङ्ग सेक्सन श्रेणी क	२०००/००
	वासिङ्ग सेक्सन श्रेणी ख	१५००/००
७४	**रिक्सा, साइकिल**	
	रिक्सा साइकिल बिक्री पसल	२०००/००
	रिक्सा, साइकिल मर्मत तथा पार्टस बिक्री पसल	१०००/००
७५	**अटो सम्बन्धी अन्य सेवा**	
	मोटर साइकल मर्मत	१५००/००
	कमानी पट्टा मर्मत	१०००/००
	रेडियटर मर्मत	८००/००
	सिट मेकिंग तथा ग्रिसिंग सेवा	५००/००
	हेड मर्मत सेक्सन	८००/००
७६	**अन्य मर्मत सेवा**	
	टि.भी.,डेक,फ्रिज,कम्प्यूटर, मर्मत पसल	१०००/००
	मोवाइल मर्मत पसल	१०००/००
	रेडियो, घडी मर्मत पसल	५००/००
	अन्य मर्मत पसल	५००/००
७७	**हेभिइक्यूवमेन्ट तथा कवार्ड पसल**	
	हेभिइक्यूवमेन्ट खरीद/बिक्री श्रेणी क	५०००/००
	हेभिइक्यूवमेन्ट खरीद/बिक्री श्रेणी ख	३५००/००
	अन्य कवार्ड खरिद बिकी	२५००/००
	अन्य सेवा	
७८	**वैदेशिक रोजगार सेवा परामर्श दाता**	
	वैदेशिक रोजगार सेवा परामर्श दाता	४०००/००
	वैदेशिक रोजगार परामर्श सेवा शाखा कार्यालय	३०००/००
	सेवा परामर्श दाता	२०००/००
	श्रमिक सेवा परामर्श दाता	१०००/००
	सामान सहित श्रमिक सेवा परामर्श दाता	२०००/००
७९	**ड्राइक्लिनिक,सैलून तथा ब्यूटीपार्लर**	
	ब्यूटी पार्लर सेवा ब्यूटिशियन तालिम सहितको	२०००/००
	ब्यूटी पार्लर सेवा	१५००/००
	ब्यूटी पार्लर सेवा सामन्य खालको	१०००/००
	कालिगढ सहितको सैलुन सेवा	१०००/००
	सैलुन २ सीट सम्मको सैलुन सेवा	१०००/००
	साधारण सैलुन	१०००/००

सि.नं.	विवरण	करका दरहरु
	ड्राइक्लिनिक सेवा	५००/००
८०	**साईन वोर्ड आर्ट व्यवसाय**	
	डिजिटल आर्ट व्यवसाय	२०००/००
	अन्य आर्ट व्यवसाय	१०००/००
८१	**पशुबधशला**	
	पशुबधशला	३०००/००
	पशुको छाला संकलन तथा विक्रि केन्द्र	२०००/००
८२	**माछा, मासू विक्री पसल**	
	प्याकिङ माछा,मासु सप्लायर्स	३०००/००
	माछा,मासु मध्ये कम्तिमा ३ वटा सेवा एकै ठाउंमा भएको	२५००/००
	माछा,मासु मध्ये कम्तिमा २ वटा सेवा एकै ठाउंमा भएको	२०००/००
	कुनै एक प्रकारको मासु बिकी पसल	१०००/००
	ताजा माछा, सिद्रा विक्री पसल	१०००/००
	अण्डा विक्री पसल	१५००/००
८३	**फुल बिरुवा विक्री पसल**	
	मसलाको विरुवा वाहेको नर्सरी	१५००/००
	फुल विक्री पसल	७५०/००
	वन विरुवा तथा फलफूल विरुवा मात्रको नर्सरी	१०००/००
८४	**स्नूकर/पूल हाउस**	
	स्नुकर तथा पुल दुवै भएको	१५००/००
	स्नुकर	१०००/००
	पुल हाउस	१०००/००
८५	**भांडा पसल, किचन सामाग्री**	
	भांडा तथा किचन सामाग्री थोक पसल	३०००/००
	भांडा तथा किचन खूर्दा पसल क	२०००/००
	साधारण भांडा खुद्रा पसल ख	१५००/००
८६	**खेलौना ,गिफ्ट तथा फोटो प्रेम पसल**	
	खेलौना तथा गिफ्ट पसल	१५००/००
	खेलौना पसल	१२००/००
	फोटो फ्रेम पसल	१०००/००
८७	**सिलाई मेसिन मर्मत तथा सिलाई पसल**	
	सिलाई पसल श्रेणी क	१५००/००
	सिलाई पसल श्रेणी ख	१०००/००
	सिलाई पसल श्रेणी ग	५००/००
	सिलाई मेसिन मर्मत पसल	५००/००
	बूटिक ल्याब्रटोरी	८००/००
८८	**संगित तथा कला केन्द्र सेवा,**	
	श्रेणी क	१०००/००
	श्रेणी ख	८००/००
८९	**घूम्ति हाटवजारमा व्यावसाय गर्न तथा माथि उल्लेख नभएका व्यसायिको हकमा**	
	फेन्सी तथा कपडा पसल	८००/००

सि.नं.	विवरण	करका दरहरु
	किराना बिसाता एवं भाडा पसल	५००/००
	अन्य प्रकृतीका / तथा साना व्यवसायहरु	४००/००
९०	**माथी उल्लेख नभएका उद्योगहरुको हकमा**	
	ठूला उद्योग	१५०००/००
	मझौला उद्योग	७०००/००
	साना उद्योग , घरेलु	२०००/००
९१	**माथी उल्लेख नभएका अन्य पेशा व्यवसाय**	
	डिस्ट्रीबयुटर्स/थोक पसल	३५००/००
	खुद्रा पसल श्रेणी क	२५००/००
	खुद्रा पसल श्रेणी ख	२०००/००
	खुद्रा पसल श्रेणी ग	१५००/००
	सेवा प्रदायक अन्य व्यवसाय	१५००/००
	सेक्यूरुटी व्यवसाय संचालन (सूरक्षा गार्ड)	५०००/००

व्यवसाय दर्ता शुल्क (प्रथम पटकको लागी)

"क" वर्ग	"ख" वर्ग	"ग" वर्ग
रु.१,०००।-	रु.७००।-	रु.५००।-

१. पूँजी लगानीको आधारमा रु. १० लाख सम्मलाई "ग"वर्ग, ५० लाख सम्मलाई "ख" वर्ग र सोभन्दा माथिलाई "क" वर्ग मानिनेछ ।

२. माथि उल्लेखित बाहेक अन्य व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी रु.१००।- देखी ५०००।- सम्म लिने । व्यवसाय कर बक्यौतामा प्रकृति हेरी ५% देखी २५% सम्म जरीवाना लिने ।

३. व्यवसायीले प्रत्येक वर्ष तोकिए बमोजिम व्यवसायकर तिरेर नविकरण गर्नु पर्नेछ ।

४. हालको घरेलु तथा साना उद्योग कार्यालय र अन्य कार्यालयहरुमा दर्ता भएका व्यापार, व्यवसाय, उद्योगको दर्ता, नवीकरण, नियमन गर्नु पर्ने अधिकार यस कार्यालयमा हस्तान्तरण भई आएमा तोकी आए अनुसारको हुनेछ ।

ठेकेदार निर्माण व्यवसाय नविकरण शुल्क

"क" वर्ग	"ख" वर्ग	"ग" वर्ग	"घ" वर्ग
रु.६,०००।-	रु.५०००।-	रु.४०००।-	रु.३०००।-

१.५ बहाल विटौरी कर :

सि. नं.	विवरण	मासिक	वार्षिक रकम रु.
१	सडक क्षेत्र, ऐलानी तथा दर्ता छुट जग्गामा व्यापार व्यवसायको लागी प्रति स्टल/कोठा/ठेला गाडी	१००।००	५०००।००
२	अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी	-	२००।००
३	कृषि तथा अन्य प्रयोजनको लागी प्रति कठ्ठा	-	५०।००
४	कृषि तथा अन्य प्रयोजनको लागी बाँकी वडाहरुमा प्रति कठ्ठा	-	२५।००

१.६ पार्किङ शुल्क:

कार्यपालिकाले तोके बमोजिम हुने ।

१.७ जडिबुटी, कवाडी र जीवजन्तु कर :

कार्यपालिकाले तोके बमोजिम हुने ।

१.८ टाँगा, रिक्सा, अटो रिक्सा र ई-रिक्साको सवारी कर :

टाँगा- १००।०० अटो रिक्सा- १००।०० ई-रिक्सा- ५०।००

१.९ विज्ञापन कर

सि.नं.	विवरण	रकम
१	क) व्यवसायिक प्रयोजनका लागि सार्वजनिक स्थल, सडक छेउमा राखिएका डिजिटल बोर्ड, होर्डिङ बोर्ड, भित्ते लेखन आदिमा प्रति वर्ग फिट (साधारण)	७५।००
	(ख) ग्लो साइन बोर्ड,ई.पी.एस.बोर्ड आदि	७५।००
२	ख) तुल, व्यानर आदिमा १ पटकको लागि प्रति फिट	१०।००
३	ग) तुल, व्यानर आदिमा (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा	३,५००।००

बिज्ञापन गर्दा निम्न बमोजिम गर्नु पर्नेछ ।

१. कुनै पनि प्रकारका विज्ञापन गर्दा न.पा.बाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।
२. नेपाल सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेका (मादक पदार्थ, सूर्तिजन्य) जस्ता बस्तुहरुको विज्ञापन गर्न पाइने छैन ।
३. यातायात सवारीका साधनहरुको विक्री प्रयोजनका लागि हुने विज्ञापनमा २५ प्रतिशत थप गरी कर लिईने छ ।
४. होटल तथा व्यापार व्यवसायको प्रवर्द्धन सम्बन्धी विज्ञापनहरुमा माथि उल्लेखित दररेटमा कर लिईने छ ।
५. विभिन्न संघ संस्थाहरुबाट हुने सेवामूलक प्रचार प्रसारका सामग्रीहरुमा उल्लेखित दरमा ५० प्रतिशत छुट दिईने छ ।
६. नेपाल सरकारका तर्फबाट हुने जनचेतना अभिबृद्धिमुलक सूचना प्रचार प्रसारका सामाग्रीहरुमा विज्ञापन कर लिईनेछैन ।
७. व्यापार व्यवसाय वा कार्यालय रहेको स्थानको परिचयपाटीको हकमा विज्ञापन कर लिईनेछ ।
८. उल्लेखित दररेट र आकार प्रकारका आधारमा विज्ञापनका लागि स्वीकृत दिंदा न्युनतम रु. ५०/- मा नघटाई लिईनेछ ।
९. स्वीकृत नै नलिई राखिएका विज्ञापन सामग्री हटाउने र स्वीकृति दिन उपयुक्त ठानिएमा लाग्ने करको शत-प्रतिशत बराबर जरिवाना लिई स्वीकृति दिन सकिनेछ ।
१०. निजी स्वामित्वको स्थानमा विज्ञापन सामग्री राख्दा सम्बन्धित सरोकारवालाको सहमति प्राप्त गर्नु पर्नेछ । त्यस्तो ठाउँमा गरिने विज्ञापन करमा ५० प्रतिशतसम्म छुट दिईनेछ ।
११. स्वीकृत समयावधि भित्रै अर्को थप समयावधिका लागि नविकरण गर्न आउनेलाई लाग्ने दस्तुरमा २५ प्रतिशत छुट दिईनेछ ।
१२. विज्ञापन गर्नेले स्वीकृत समयावधि समाप्त हुँदा गरिएको विज्ञापन स्वयंले हटाउनु/मेटाउनु पर्नेछ ।

२.अन्य दस्तुर सेवा शुल्क

२.१ हेभी लोड (वालुवा, ढुंगा, गिट्टी, औद्योगिक कच्चा पदार्थ, सिमेन्ट) बोकेर नगरपालिकाको सडकमा हिडने सवारी साधनको लागि पटके सवारी कर

सि. न.	सवारीको प्रकार	आते जाते रकम रु.	नदी नियन्त्रण तथा सडक मर्मत सुधार सेवा शुल्क	जम्मा
१	ट्रक, डम्फर,टिफर, टेलर, लहरी, (औद्योगिक कच्चा पदार्थ तथा उत्पादन बोक्ने)	५०।००		५०।००
२	मिनिट्रक /टयाक्टर (औद्योगिक कच्चा पदार्थ तथा उत्पादन बोक्ने)	२०।००		२०।००
३	ट्रक, डम्फर,टिफर, टेलर, लहरीर (वालुवा, गिट्टी, मिस्कट, क्रसरको धुलो र ग्राभेल र ढुङ्गा बोक्ने)	५०।००	१२ चक्के लाई २००।००	२५०।००
			१० चक्के लाई १५०।००	२००।००
			६ चक्के लाई १००।००	१५०।००
४	मिनिट्रक /टयाक्टर (वालुवा, गिट्टी, मिस्कट, क्रसरको धुलो र ग्राभेल र ढुङ्गा बोक्ने)	२०।००	मिनि ट्रक लाई ५०।००	७०।००
			ट्रेक्टरलाई २०।००	४०।००

२.२.अचल सम्पति मूल्याँकन तथा आयश्रोत प्रमाणित :-

सि.नं	विवरण	रकम	कैफियत
१	प्रति लाख	रु.५०।००	

२.३ सार्वजनिक सेवा उपयोग शुल्क (प्रति पटक)

सार्वजनिक शौचालय

सि.नं.	विवरण	रकम	कैफियत
१	पिसाब गर्दा प्रति व्यक्ति	रू. ५।००	
२	दिशा गर्दा प्रति व्यक्ति	रू १०।००	
३	नुहाउंदा प्रति व्यक्ति	रू २०।००	

२.४ मुख्य हाट बजार तथा तरकारी बजारमा लगाईने सेवा शुल्क

सि.नं	पसलको विवरण	दररेट रु.
१	किराना पसल,ब्लक, छाप्रो, प्रति छाप्रो	४०।००
२	कपडा पसल प्रति पसल	४०।००
३	जुत्ता चप्पल प्रति पसल	४०।००
४	रेडिमेड कपडा प्रति पसल	४०।००
५	मसला तेल प्रति पसल	४०।००
६	चामल, चिउरा प्रति पसल	४०।००
७	तरकारी,ढकी तथा छिटि २ भन्दा माथि प्रति पसल	२५।००
८	आलु प्याज प्रति पसल	४०।००
९	खुर्सानी अदुवा प्रति पसल	३०।००
१०	आलु,हलुवा (सखरखण्ड) तरुल, कोवि प्रति टायर	१५०।००
११	आलु,हलुवा (सखरखण्ड) तरुल, कोवि प्रति ट्याक्टर	२००।००
१२	सिलाई दोकान प्रति पसल	१०।००
१३	प्रति होटल	४०।००
१४	कठघेरा भएको जुनसुकै प्रति पसल	४०।००
१५	प्रचुन प्रति पसल	३०।००
१६	बोका, खसि काटमार प्रति गोटा	२५।००
१७	कुखुरा किन्ने र बिक्रि गर्ने संग, प्रति गोटा दुवै तर्फबाट रु १०	१०।००
१८	परेवा जोडी बिक्रि गर्ने र खरिद गर्ने दुवै तर्फबाट ५।५	१०।००
१९	सुंगुर/बंगुर काटमार प्रति गोटा	२००।००
२०	ठुलो रांगा काटमार प्रति गोटा	१०००।००
२१	साँनो रांगा काटमार प्रति गोटा	७००।००
२२	माछा प्रति पसल	१००।००
२३	फलामको कृर्षिजन्य हतियार पसल	४०।००
२४	छाप्रोमा माछा मासु नास्ता प्रति पसल	४०।००
२५	चुरा प्रति पसल	३०।००
२६	सिद्रा सुकेको माछा प्रति पसल	५०।००

२७	डोको नाम्लो कुचो प्रति पसल	४०।००
२८	मुरी कचेरी खाटमा राख्ने प्रति पसल	३५।००
२९	माटोको भाडां प्रति पसल	२५।००
३०	हजाम भूइमा बस्ने प्रति पसल	१५।००
३१	होटल प्रति पसल	४०।००
३२	मिठा प्रति पसल	४०।००
३३	घुंगी प्रति पसल	२०।००
३४	जादु खेल खेलाउने	५०।००
३५	जुत्ता चप्पल सिलाउने प्रति पसल	२०।००
३६	घडी, टर्च लाईट.घिक्रि गर्ने प्रति पसल	३०।००
३७	ठेलामा आईसक्रिम, चियां नास्ता, फलफुल, चना चटपटे बेच्ने प्रति पसल	३०।००
३८	सांध लगाउने प्रति पसल	२०।००
३९	सुन चांदी प्रति पसल	४०।००
४०	तामा, कागती, निवुवा प्रति पसल	१५।००
४१	फोटो फ्रेम प्रति पसल	३०।००
४२	रंग, अविर तथा माला प्रति पसल	३०।००
४३	भांडा वर्तन प्रति पसल	३०।००
४४	धोवि प्रति पसल	३०।००
४५	सुर्ति प्रति पसल	२०।००
४६	विउ विजन प्रति पसल	२५।००
४७	तरकारी प्रति छिटि २ भन्दा मूनि	१०।००
४८	खसी/बोका/बाखा/पाठापाठी/ खरिद विक्रि गर्ने संग प्रति गोटा रु. ३०।०० गरी दुवैको	६०।००
४९	कवाडी मालसामान प्रति ट्रक	२०००।००
५०	फलफुल तथा तरकारी प्रति भांगा (५० के.जी.भन्दा माथिको)	५०।००
५१	फलफुल तथा तरकारी प्रति क्यारेट/झोला/डोका(५० के.जी.भन्दा मुनिको)	१०।००
५२	धर्म काँटा	५,०००।००

२.५ भवन निर्माण (नक्शापास) दस्तुर

२.५.१ पुराना भवन एवं संरचना अभिलेखीकरण प्रयोजनको लागि

सि.नं	भवनको प्रकार	बेसमेन्ट तल्ला	भूईतल्ला (प्रति वर्ग फिट रु.)	पहिलो तल्ला(प्रति वर्ग फिट रु.)	दोस्रो तल्ला (प्रति वर्ग फिट रु.)	तेस्रो तल्ला र सो भन्दा माथि (प्रति वर्ग फिट रु.)
१	आर .सि.सि.पिल्लर भएको	१।२५	१।२५	२।००	२।५०	३।००
२	ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो - आर.सि.सि.को छानो भएको)	-	१।००	२।००	३।००	-
३	सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा ब्लकको गारो -जस्ता वा	-	०।७५	१।५०	-	-

	टायलको छानो भएको)					
४	पटाहाको घेराबेरा लगाएतका कच्ची भवन	-	०।५०	१।००	-	-

सि.नं.	कम्पाउन्डवालको प्रकार	प्रति रनिङ फिट रु.
१	सिमेन्ट जोडाईको कम्पाउन्डवाल	२।००
२	माटो जोडाईको कम्पाउन्डवाल	१।००
३	तारवारको कम्पाउन्ड वाल(एकमुष्ठ)	५।००

२.५ २ नयाँ भवन एवं संरचना निर्माण प्रयोजनका लागि

सि.नं	भवनको प्रकार	राजमार्ग सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा)	शाखा सडकको दायाँवाषाँ वन्ने घर. दर प्रति बर्ग फुट (रु.मा)	अन्य सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा
१	आर .सि.सि.पिल्लर भएको			
१.१	वेसमेन्ट तल्ला	२।००	१।५०	१।००
१.२	भूईतल्ला	३।००	२।२५	२।००
१.३	पहिलो तल्ला	४।००	३।५०	३।००
१.४	दोस्रो तल्ला	५।००	४।२५	४।००
१.५	तेस्रो तल्ला र सो भन्दा माथि	६।००	५।५०	५।००
२	ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको, गारो (आर.सि.सि.को छानो भएको)			
२.१	भूईतल्ला	२।००	१।७५	१।५०
२.२	पहिलो तल्ला	३।००	२।५०	२।००
२.३	दोस्रो तल्ला			
३	सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा ब्लकको गारो -जस्ता वा टायलको छानो भएको)			
३.१	भूईतल्ला	२।००	१।७५	१।५०
३.२	पहिलो तल्ला	३।००	२।५०	२।००
४	पटाहाको घेराबेरा लगाएतका कच्ची भवन			
४.१	भूईतल्ला	१।००	१।००	१।००
४.२	पहिलो तल्ला	१।५०	१।५०	१।५०
सि.नं.	कम्पाउन्डवालको प्रकार			
१	सिमेन्ट जोडाईको कम्पाउन्डवाल	३।००	३।००	३।००
२	माटो जोड़ाईको कम्पाउन्डवाल	१।००	१।००	१।००
३	तारवारको कम्पाउन्ड वाल (एकमुष्ठ)	५०।००	५०।००	५०।००

नोट :

- महिलाको स्वामित्व रहेको निजी भवनहरुमा लाग्ने नक्सा पास दस्तुरमा ५ प्रतिशत छुट दिईने छ ।
- पुर्व नक्सापास भएको प्रमाण पेश गरी मर्मत हुने क्षेत्रफल खुलाई मर्मत इजाजत माग भई आएमा हालको नक्सा पास दस्तुरको ५० प्रतिशत शूल्क लिई मर्मत सूधार इजाजत दिन सकिनेछ ।

- स्वीकृत नक्साको म्याद थप गर्दा पहिले लागेको दस्तूरको ५ प्रतिशत दस्तूर लिई पूनः २ बर्षको लागि म्याद थप गरिनेछ ।
- माप दण्ड विपरित निर्माण भएका घरको घर नक्सा पास गरिने छैन तर मापदण्ड भित्र भएका भवनहरुको हकमा देहाय बमोजिम थप शुल्क लिइ नक्सा पास गर्न सकिनेछ ।

१. नक्सा पास प्रक्रियामा नरहेको तर एकै पटक नक्सा पेश गरी सम्पन्न प्रमाण पत्र लिन आएमा हालको नक्शा पास दस्तुरको ०.५० प्रतिशत र प्रथम चरणको निर्माण कार्यको स्वीकृत लिई एकै पटक सम्पन्न प्रमाण पत्र लिन आएमा ०.२५ प्रतिशत थप दस्तुर लिइ नक्सा पास गर्न सकिनेछ ।

२. न.पा.बाट निर्माण कार्य स्वीकृत लिएका तर तोकिएको समय भित्र सम्पन्न नलिएका भवनको नक्सा पास गर्दा थप ५० प्रतिशत र नक्सा फरक भई संशोधित नक्सा पेश गर्दा क्षेत्रफल बढी हुन आएमा थप क्षेत्रफलमा हालको नक्सा पास दस्तुरको १०० प्रतिशत थप शुल्क लिई नक्सा पास गर्न सकिने छ ।

३. अब नयाँ दर्ता भई निर्माण हुने भवन नक्सा पास भई तल्ला थप गर्ने भवनमा सौर्य उर्जा प्रयोग गरिएको हुनु पर्नेछ।

४. पूर्व स्वीकृति लिई नक्सा पास भएको हकमा थप संरचनाको मात्र प्रचलित नियमानूसार गरिनेछ ।

२.६ सहकारी संस्था दर्ता- ५०००।०० नवीकरण- १०००।००
कृषि तथा पशुपालन समूह दर्ता- १,०००।०० नवीकरण-५००।००

२.७ ऐलानी,अव्यवस्थित गाउँ वस्ती भित्र (नगरक्षेत्र) न.पा. गठन पुर्व बनेको घरहरुको विवरण संकलन गरी निम्न अनुसार वार्षिक रुपमा कर लगाईने निर्णय गरियो ।

सि.नं.	घरको विवरण	वार्षिक रकम
१	कच्चीघर	२५।००
२	अर्ध पक्की	१००।००
३	पक्कीघर	भुई-तल्ला रु.५००।०० पहिलो तल्ला रु.१०००।०० दोस्रो तल्ला रु.१५००।०० तेस्रो तल्ला रु. २०००।०० चौथो तल्ला रु. २५००।००

२.८ दण्ड जरिवाना

क) नयाँ निर्माण

सि.नं.	विवरण	रकम
१	जगको कार्य सम्पन्न	नक्सापास दस्तुरको २५%
२	डि.पि.सि.को कार्य सम्पन्न	नक्सापास दस्तुरको ३५%
३	गाह्रो लगाउने कार्य सम्पन्न	नक्सापास दस्तुरको ५०%
४	ढलानको कार्य सम्पन्न	नक्सापास दस्तुरको ७५%
५	निर्माण कार्य सम्पन्न	नक्सापास दस्तुरको १००%

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

ख) तल्ला थपमा

सि.नं.	विवरण	रकम
१	गाह्रो लगाउने कार्य सम्पन्न	नक्सापास दस्तुरको ५०%
२	ढलानको कार्य सम्पन्न	नक्सापास दस्तुरको ७५%
३	निर्माणको कार्य सम्पन्न	नक्सापास दस्तुरको १००%

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

२.९ सिफारिश तथा अन्य सेवा शुल्कको दर :

सि.नं.	विवरण	रकम
१	नेपाली नागरिकता सिफारिस	
	क) वंशज	नि.शुल्क
	ख) वैवाहिक अंगिकृत	नि.शुल्क

	ग) प्रतिलिपि	१५०।००
२	राहदानी सिफारिश	३००।००
३	नाता प्रमाणित सिफारिश	
	क) नेपालीमा (मृतक संग)	२००।००
	ख) नेपालीमा (अन्य संग)	३००।००
	ग) अग्रेजीमा	४००।००
४	नाम थर,संशोधन सिफारिस	२००।००
५	विधुत/धाराको सिफारिश	
	क) घरायसी/कृषि	२००।००
	ख) व्यापारिक	५००।००
	ग) साना औद्योगिक	२,०००।००
	घ) ठुलो औद्योगिक	१०,०००।००
६	विधुत/धारा नामसारी सिफारिस	४००।००
७	आय श्रोत/घर जग्गाको मूल्यांकन सिफारिश	प्रति लाख ५०।००
८	बसोबास प्रमाणित सिफारिश	
	क) वैदेशिक प्रयोजन	५००।००
	ख) स्वदेशी प्रयोजन	१००।००
९	जन्म मिति प्रमाणित सिफारिस	
	अग्रेजीमा	४००।००
	नेपालीमा	२००।००
१०	जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि सिफारिस दस्तुर	५१०।००
११	घर निर्माण सम्पन्न सिफारिसप्रति तुल्ला	२००।००
१२	घर नक्सा पास नामसोरी	
	क) कच्ची घर	५००।००
	ख) १ तल्ले सम्मको पक्की घर	१,०००।००
	ग) २ तल्ले सम्मको पक्की घर	२,०००।००
	घ) २ तल्ले भन्दा बढिको पक्की घर	३,०००।००
१३	घर कायम सिफारिश	
	क) पक्की	३००।००
	ख) कच्ची/साधारण	२००।००
१४	घरबाटो प्रमाणित तथा सिफारिस दस्तुर	
	क) व्यवसायीक प्रयोजनको लागि (प्लटिङ्ग देखिने)	१०००।००
	ख) व्यक्तिगत प्रयोजनको लागि (निजी)	४००।००
१५	चारकिल्ला प्रमाणित प्रति कित्ता	
	क) राजमार्गमा	५००।००
	ख) शाखा सडकमा	३००।००
	ग) कच्ची सडकमा	२००।००
	घ) अन्य	१००।००
१६	घरजग्गा नामसारी सिफारिश	
	क) राजमार्गमा	५००।००
	ख) शाखा सडकमा	३००।००
	ग) कच्ची सडकमा	२००।००
	घ) अन्य	१००।००

१७	छुट जग्गा नामसारी सिफारिस दस्तुर (प्रति कट्ठा)	२००।००
१८	छुट तथा आकडा जग्गाको सिफारिश (प्रति कट्ठा)	२००।००
१९	विटौरी जग्गा नामसारी(मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा)	२००।००
२०	विटौरी जग्गा नामसारी, राजिनामा, वकसपत्र, अंशवण्डा आदिवाट हक हस्तान्तरण सिफारिश	२००।००
२१	विटौरी जग्गा नामसारी(मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा)	२००।००
२२	मोही नामसारी सिफारिश	२००।००
२३	पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यू.फि.)	१०।००
२४	कच्चीघर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यू.फि.)	७।००
२५	अंग्रेजी सिफारिस दिनु पर्दा आय श्रोत र अचल सम्पति वाहेकमा	१,०००।००
२६	संस्था दर्ता सिफारिस तथा नविकरण दस्तुर	
	टोल विकास संस्था	नि.शुल्क
	सिमान्तकृत/महिला/उपेक्षीत वर्ग	१००।००
	अन्य संस्था दर्ता	५००।००
२७	नाफामूलक संस्था दर्ता सिफारिस दस्तुर	१,०००।००
२८	निजी विद्यालय संचालन सिफारिश	५,०००।००
२९	निजी विद्यालय कक्षा संचालन तथा स्तरवृद्धिको सिफारिश	३,०००।००
३०	दलित जनजाति मधेशी तथा अन्य प्रमाणित सिफारिस	१००।००
३१	चारित्रिक सिफारिस दस्तुर न.पा . वाहिर	२००।००
३२	चारित्रिक सिफारिस दस्तुर न.पा. भित्र	११०।००
३३	भारत जाने सिफारिस	१२०।००
३४	अन्य मुलुक जाने सिफारिश	५००।००
३४	व्यक्ति प्रमाणित	१००।००
३५	मृत्यु प्रमाणित सिफारिश(व्यक्तिगत घटना लागुहुन भन्दापूर्वको अवस्थामा)	१५०।००
३६	अन्य प्रमाणित सिफारिश (व्यक्तिगत घटना दर्ता कार्यक्रम लागु नहुदैको अवस्थामा)	१५०।००
३७	विवहा सिफारिश(व्यक्तिगत घटना दर्ता कार्यक्रम लागु नहुदैको अवस्थामा)	१५०।००
३८	वैदेशिक खाता खोल्ने प्रयोजनको लागि सिफारिश	२००।००
३९	पेन्सनरहरुको लागि जीवित रहेको भन्ने व्यहोराको सम्पर्क सिफारिश	२००।००
४०	परिचय सिफारिश	१००।००
४१	पेन्सन प्रयोजनको लागि ठेगाना संशोधन सिफारिश	२००।००
४२	छात्रवृति सिफारिश	निशुल्क
४३	उपचार सहयोग सिफारिश	निशुल्क
४४	बसाई सराई गरी अन्यत्र सामानहरु लिई जादा सिफारिश,माग भई आएमा	१००।००
४५	उद्योग स्थापना एवं ठाँउसारी सिफारिश	
	ठुला	१०,०००।००
	मझौला	५,०००।००
	साना	२,०००।००
	घरेलु	५००।००
४७	चारित्रिक सिफारिश	१००।००
४८	जग्गा सम्वन्धि अन्य सिफारिश (हकभोक समेत)	५००।००
४९	सार्वजनिक यातायातका साधन नचलेको व्यहोराको सिफारिश	१००।००
५०	दैवी विपत्ति वा भवितव्य परेको सिफारिश	निशुल्क
५१	हराएको प्रमाण पत्रको प्रतिलिपि सिफारिश	१००।००

५२	पेशा व्यवशाय संचालनमा रहेको/वन्द रहेको अवस्थाको सिफारिश	१००।००
५३	न.पा.मा कर चुक्ता गरे पछि दिईने कर चुक्ता सिफारिश	१००।००
५४	परिवार ल्याएको ।नल्याएको सिफारिश	२००।००
५५	विदेशी संग विवाह दर्ता सिफारिश (भारत वाहेक)	१०००।००
५६	ठेकका पट्टा इजाजत (तोकिएको राजस्व वाहेक)	२०००।००
५७	मोवाइल टावर इजाजत सिफारिस(नयाँ तथा पुरानो)	३००००।००
५८	पेट्रोल पम्प स्थापना सिफारिस	१००००।००
५९	अपुताली प्रमाणित	
	क) नेपालको लागि	५,०००।००
	ख) विदेशको लागि	१५,०००।००
६०	उद्योग ठाउसारी दस्तुर	१०००।००
६१	केशर उद्योग दर्ता सिफारिस शुल्क	५००००।००
६२	जेष्ठ नागरिक, उपचार अपांग, असहाय, छात्रवृति र विकास निर्माण सिफारिश	नि:शुल्क
६३	महिला सदस्यहरु मात्र भएको समुह,संस्था, उधमी, घरेलु उधोग न.पा दर्ता गराउदा	नि:शुल्क
६४	उखु उत्पादन कृषक प्रमाण पत्र तथा सिफारिस	नि:शुल्क
६५	पशु विमा क्षति पूर्ति सिफारिस	नि:शुल्क
६६	नगरपालिका कार्यालयमा संघ संस्था तथा नाफामुलक व्यवसायहरुको सूचिकृत दस्तुर	२००।००
६७	रसायनिक मल विक्रेता नविकरण दस्तुर	१०००।००
६८	१ Mega Watt शौय आयोजना संचालन अनुमति दस्तुर	२५०००।००
६९	लेनदेन कागज प्रमाणित दस्तुर	
	क) ५१ हजार देखि ५ लाख सम्म	१५०।००
	ख) ५ लाख १ देखि १० लाख सम्म	३००।००
	ग) १० लाख १ देखि २५ लाख सम्म	१०५०।००
	घ) २५ लाख १ देखि ५० लाख सम्म	२५००।००
	ङ) ५० लाख १ देखि माथि	५०००।००
७०	महिला तथा अपाङ्ग व्यक्तिहरुको नौमबाट संचालित व्यवसाय दर्ता शुल्क	नि:शुल्क
	उपभोक्ता समिति दर्ता तथा प्यान सिफारिस शुल्क	५००।००
	कृषि सम्वन्धी सिफारिस दस्तुर	नि:शुल्क
	धारा जडान गर्दा न.पा.ले निर्माण गरेका ग्राभेल, कच्ची र पिच सडक कटान गरी लैजानु पर्ने भए लाग्ने दस्तुर रु. ३,०००।-, १५००।- र ४०००।-	

२.१०. सिफारिश तथा अन्य सेवा शुल्कको दर :

सि.नं.	विवरण	रकम
१	निवेदन दस्तुर	५०।००
२	निवेदन फाराम मूल्य	३०।००
३	नागरिकता अनुसूची /प्रतिलिपि फाराम दस्तुर	५०।००
४	व्यवशाय प्रमाणपत्र दस्तुर	१००।००
५	व्यवशाय नामसारी/प्रतिलिपि/साझेदार थप घट	२००।००
६	एकिकृत सम्पति कर फाराम दस्तुर	३०।००
७	उद्यान पार्क प्रवेश शुल्क व्यक्ति समूह बोटिङ मिथिला सागर पोखरीया.बोटिङ्ग गर्दा प्रति व्यक्ति	 १०।०० २००।०० ६०।००

२.११ अन्य सेवा शूल्कको दर :

सि.न.	सेवाको किसिम	दर	कैफीयत
१	घर नक्सापास पुस्तिका	रु.५००।००	
२	सर्जमिन मुचुल्का	रु.५००।०	
३	सामुदायिक मध्यस्थ सेवा	रु.१००/-	
४	रकम कलम उठाई दिएवापत प्रतिहजार	१०%	
७	सबै खाले निवेदन फारामहरु प्रतिगोटा	रु.२० ।-	
८	मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा)	रु.५००।-/५००।-	
९	घर नम्वरिङ्ग प्लेट प्रति गोटा	रु.३०० ।-	
१०	न.पा. को श्रोत नक्सा A_3साइज प्रति गोटा	रु.५० ।-	
११	विभिन्न नक्सा ठुलो साइजको प्रतिगोटा	रु.२०० ।-	
१२	विभिन्न नक्सा सानो साइजको प्रतिगोटा	रु.१०० ।-	
१३	टोल विकास संस्था दर्ता शुल्क/नविकरण	निःशुल्क	
१४	व्यवसायिक इजाजत प्रमाण पत्र वापत	रु.१०० ।-	
१५	स्थलगत प्राविधिक सेवा शुल्क	रु.१००० ।-	
१६	घर खाली गर्ने	रु.१,५००।-	
१७	साँधसिमाना छुट्याउने पहिलो कित्ताको लागि	रु.१०००।-	
१८	त्यसपछि ५ कट्ठा सम्म क्षेत्रफल भएको थप प्रतिकित्ता	रु.५००।-	

२.१२ फोटोकपि/प्रतिलिपि सेवा शुल्क

क्र.सं	विवरण	सेवा शुल्क
१	कम्प्युटर प्रिन्टबाट प्रतिलिपि दिदा	१०.००
२	फोटोकपि शूल्क प्रति गोटा	३.००
३	नक्कल प्रमाणित दस्तूर प्रति कपि	५.००

२.१३ नगर सूचना केन्द्रका सामग्रीको दैनिक भाडादर :

सि.नं.	विवरण	सेवा शुल्क	कैफियत
१	मल्टीमिडिया प्रोजेक्टर	१०००.००	
२	कम्प्युटर/साउण्ड सिष्टम प्रति दिन	७००.००	
३	ह्वाइट र सफ्ट बोर्ड प्रति सेट	२००.००	
४	लेबल मेसिन प्रतिदिन	५००.००	

२.१४ टिप्पर, ट्रयक्टर ,ब्याक हो लोडर, पानी ट्याकी,सेफटी ट्याकी र रोलर भाडा महशुल :

सि.नं.	विवरण	प्रतिघन्टा	प्रति सिफ्ट	कैफियत
१	ट्रिपर	३००.००	२१००.००	साधन प्रयोग गर्नेले अग्रिम रकम जम्मा गर्नु पर्नेछ । भाडा न.पा. गेटबाट गएको समय देखि फिर्ता भएको समयसम्म.लगबूक भरेका आधारमा लागू हुनेछ । न.पा.को काममा उपभोक्ताबाट प्रयोग हुदा १० घन्टाको र अन्यमा ८ घन्टाको १सिफ्ट हुनेछ । डाइभर भत्ता रु ३००।०० र इन्धन खर्च समेत व्यहोर्नु पर्ने छ ।
२	व्याक हो लोडर			व्याक हो लोडरको हकमा सवारी ईन्धन र चालकको भत्ता रु १००।०० प्रति घण्टा सम्बन्धित लैजानेले भुक्तानी गर्ने गरी प्रति घण्टा रु. ११००।०० र २ घण्टा भन्दा कम रु. २०००।०० भुक्तानी गर्नु पर्नेछ ।
३.	ट्रेक्टर		२०००.००	साधन प्रयोग गर्नेले अग्रिम रकम जम्मा गर्नु पर्नेछ । भाडा न.पा. गेटबाट गएको समय देखि फिर्ता भएको समयसम्म लगबूक भरेका आधारमा लागू हुनेछ । न.पा.को काममा उपभोक्ताबाट प्रयोग हुदा १० घन्टाको र अन्यमा ८ घन्टाको १सिफ्ट हुनेछ । डाइभर भत्ता रु ३००।०० र इन्धन खर्च समेत व्यहोर्नु पर्ने छ ।
४	रोलर	प्रति घण्टा रू १८००।०० नगर क्षेत्र भित्र र बाहिर प्रति घण्टा रू २०००।००		डिजल नगरपालिकाको हुने डाइभर भत्ता प्रति घण्टा १००का दरले उपभोक्ताले व्यहोर्नु पर्नेछ ।
५	पानी ट्याकी	प्रति दिन रू ५००।००		व्यक्तिगत तथा आयोजनाको कामकाजको लागि लगेमा प्रति दिन रू ५००।०० र सामाजिक तथा धार्मिक कामकाजको लागि नि:शुल्क
६	सेफटी ट्याकी	प्रति टिप रू १५००।०० नगर क्षेत्र भित्र र बाहिर प्रति घण्टा रू २०००।००		डाइभर र सहयोगि भत्ता १०० का दरले उपभोक्ताले व्यहोर्नु पर्नेछ ।

२.१५ निर्माण सामग्रीबाट हुने सडक अवरोध दस्तुर:

सि.न	विवरणप्रतिदिन प्रति व.मिटर	पिच सडक	कच्ची सडक	कैफि
१	शहरी क्षेत्रमा (ओगटेको क्षेत्रफलको आधारमा)	१।५०	१।००	
२	आवशिय तथा अन्य क्षेत्र (ओगटेको क्षेत्रफलको आधारमा)	१।००	०।५०	
	नोट : सार्वजनिक आवागमनमा बाधा पूर्ने गरी निर्माण सामाग्री राख्न पाइने छैन ।			


२.१६ दरभाउ पत्र बा बोलपत्र प्रति फारम दस्तुर (सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम) हुनेछ ।

सि.न	विवरण	२०७७/०७८
१	रु. २० लाखसम्मको सिलबन्दी दरभाउ पत्र	१०००।००
२	रु. २० लाख माथि २ करोड सम्मको बोलपत्र	३०००।००
३	रु. २ करोड माथि १० करोडसम्मको	५०००।००
४	रु. १० करोड माथि २५ करोडसम्मको	१००००।००
५	रु. २५ करोड भन्दा माथि जतिसूकै भएपनि	२००००।००

- **माथि उल्लेखित सम्पति तथा भुमिकर ,व्यवसाय कर तथा वाहाल करमा आर्थिक वर्ष भित्र नबुझाउनेलाइ ५ देखि १० प्रतिशत जरीवाना लागनेछ ।**
- **नेपाली नागरिकताको सरजमीन मुचुल्का गर्दा निशुल्क गरिने छ ।**

- माथि उल्लेखित कर, दस्तुर र सेवा शुल्क देखि वाहेक अन्य श्रोत थप हुन आएमा नगरकार्यपालिकाले श्रोतको पहिचान गरी करको दर तोक्न सक्नेछ ।
- नेपाल सरकारका अन्य निकायमा हुने दर्ता, नविकरण दस्तुर नियमन भई आएका कार्यहरु हस्तान्तरण भई आएमा सम्बन्धित निकायबाट वा नेपाल सरकारले तोकिए भन्दा कम नहुने गरी कर, दस्तुर तथा सेवा शुल्क लिईनेछ ।

उल्लेखित अनुसारको कर, दस्तुर र सेवा शुल्क तथा मालपोत रजिष्ट्रेशन र प्राकृतिक श्रोतसाधनबाट उठने शुल्क समेतबाट नगर क्षेत्रमा आ.ब. २०७८।०७९ मा ५ करोड ५१ लाख ५१ हजार आन्तरिक आम्दानी प्राप्त हुने अनुमान गरिएको छ ।



मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, धनुषा

विनयोजन ऐन

निर्णय नं. २
मिथिला नगरपालिकाको आ.व २०७८।२०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको निम्नानुसार विधेयकलाई सभाबाट स्वीकृत गरियो ।

मिथिला नगरपालिका, धनुषा को आर्थिक बर्ष २०७८/७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७८/०३/२५

प्रस्तावना : मिथिला नगरपालिका, धनुषा २०७८/७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम मिथिला नगरपालिका, धनुषाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "मिथिला नगरपालिका, धनुषाको विनियोजन ऐन, " रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७८/७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०७८/७९को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ७४,२२,५६,३८४.२१ (अक्षेरुपी रुपैयाँ चौरहत्तर करोड बाइस लाख छपन्न हजार तिन सय चौरासी पैसा एक्काइस मात्र।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/७९को निमित्त मिथिला नगरपालिका, धनुषाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

निर्णय नं. ३:

मर्मत संभार कोषको स्थापना र व्यवस्थापन:

मिथिला नगरपालिका क्षेत्र भित्र रहेका सडक लगायत अन्य भौतिक पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा निर्माण कार्यको लागि रु. ५० लाख रकम रहने गरी मर्मत सम्भार कोष स्थापना गर्ने । उक्त मर्मत संभार कोषमा जम्मा भएको रकम कार्यपालिकाले आवश्यकता र आकस्मिकताको आधारमा कार्यविधिको प्रक्रिया पुरा गरी सडक मर्मत सम्भार लगायत भौतिक पूर्वाधारमा खर्च गर्न सक्ने गरी निर्णय गरियो ।

निर्णय नं. ४:

मिथिला नगर कार्यपालिकाको कार्यक्रम तथा बजेटहरु कार्यान्वय गर्दा आम्दानी र निकासा भए अनुसार तपसिल अनुसारको प्राथमिकीकरणको आधारमा कार्यान्वयन गर्ने ।

१. कार्यालयको दैनिक प्रशासन र प्रशासनिक बजेटमा परेका विषयवस्तुहरु

२. आ.व. २०७७/०७८ मा कार्यान्वय हुन नसकी आ.व. २०७८।०७९ मा सरी आएका योजनाहरु ।

३. वडास्तरीय योजनाहरु ।

४. नगर प्रवर्द्धनका कार्यक्रमहरु ।

५. नगरस्तरीय पूर्वाधारका योजनाहरु

निर्णय नं. ५

मिथिला नगर कार्यपालिकाबाट कार्य सम्पादन गर्ने सम्बन्धमा आईपर्ने वाधा व्यवधान समेतलाई मध्येनजर गरी आवश्यक पर्ने नीति, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरी लागु गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ६

नेपालको संविधान अनुसार स्थानीय तह कार्यान्वयनमा आएकोले विभिन्न बिषयगत मन्त्रालय तथा निकायहरुले गर्दै आएका कार्यहरु यस नगरपालिकामा हस्तान्तरण भई आएका र आउने क्रममा रहेका विभिन्न बिषयगत कार्यालय र निकायहरु कर्मचारीहरुलाई व्यवस्थापन गर्दै लैजाने। साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्ताव गरिएको नगरपालिकाको संगठन संरचना र दरवन्दी प्रस्ताव तथा नगर कार्यपालिका कार्य विभाजन नियमावलीमा व्यवस्था भए अनुसारको विषयगत शाखा(शाखा, कार्यालय, उपशाखा, ईकाइ) रहने निजामती, स्थानीय, सेवा करार र ज्यालादारी समेतका कर्मचारीहरुको दरवन्दी र संख्या एकिन गरी स्वीकृत गर्न कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ७

यस मिथिला नगरपालिकामा आ.ब. २०७८।०७९ को लागि संचालन हुने तालिम, गोष्ठी, परिक्षा संचालन, अनुगमन आदि खर्चको सिमा देहाय बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

क्र.स	खर्च क्षेत्र	इकाई	दर रु	सीमा
१	कार्यक्रम संयोजक भत्ता	प्रति दिन	१६००।००	बढीमा ५ दिन सम्म(सो भन्दा बढि भएमा प्रतिदिन रु. १०००।००)
२	श्रोत व्यक्तिको पारिश्रमिक (बाह्य)	प्रति सेसन	४५००।००	१ घण्टा ३० मिनेटको लागि
३	श्रोत व्यक्तिको पारिश्रमिक (आन्तरिक)	प्रति सेसन	२५००।००	१ घण्टा ३० मिनेटको लागि
४	सहजकर्ता पारिश्रमिक (बाह्य)	प्रति दिन	२०००।००	एक दिनमा १ जना मात्र
५	सहजकर्ता पारिश्रमिक (आन्तरिक)	प्रति दिन	१५००।००	एक दिनमा १ जना मात्र
६	खाजा खर्च	प्रतिव्यक्ति प्रतिदिन	१५०।००	दिनको १ पटक मात्र
७	खाना खर्च	प्रतिव्यक्ति प्रतिदिन	३५०।००	दिनको १ पटक मात्र
८	चिया बिस्कुट खर्च	प्रतिव्यक्ति	५०।००	दिनको २ पटक मात्र
९	सहभागि स्टेशनरी	प्रतिव्यक्ति प्रतितालिम	१००।००	कापी कलम र अन्य
१०	तालिम सामग्री	प्रति सेसन	१०००।००	मार्कर, बोर्डपेन र लूजपेपर
११	आवासीय तालिममा प्रति सहभागि	प्रतिव्यक्ति प्रतिदिन	१६००।००	खान बस्न सहित
१२	उद्घाटन खर्च	प्रति तालिम	५०००।००	आवश्यकता अनुसार
१३	समापन खर्च	प्रति तालिम	५०००।००	आवश्यकता अनुसार
१४	प्रतिवेदन लेखन	प्रति तालिम	२०००।००	एक कार्यक्रममा १ जना मात्र
१५	पदपुर्ति समिति र अन्तर्वार्ता समिति बैठक भत्ता (अधिकृत स्तर)	प्रति दिन	२५००।००	
१६	पदपुर्ति समिति र अन्तर्वार्ता समिति बैठक भत्ता (सहायक स्तर)	प्रति दिन	१५००।००	
१७	लिखित र मौखिक परीक्षा भत्ता	लोकसेवाको (Norms) अनुसार		

१८	अतिरिक्त समयमा काम गर्दा	प्रति घण्टा	तलब स्केलको घण्टा अनुसार	एक दिनमा २ घण्टा भन्दा बढी काम गरेमात्र
१५	अन्य विविध खर्च	प्रति कार्यक्रम	आवश्यकता अनुसार	व्यानर तथा फोटोकपी
२०	बाह्य श्रोत व्यक्ति बास खर्च	प्रतिदिन	दै.भ्र.भ.नियमानुसार	कार्यक्रम अबधि र अघिल्लो दिन सम्मको
२१	बाह्य श्रोत व्यक्ति यातायात खर्च	आउदा र जदाको दिनको मात्र	दै.भ्र.भ.नियमानुसार	हवाई टिकट वा बस भाडा अनुसार
२२	सहभागी यातायात खर्च	प्रति दिन	५००।००	आतेजाते दुवैको
२३	हल भाडा	प्रति दिन	कर विजक अनुसार	कर विजक अनुसार
२४	सहभागि भत्ता	प्रति दिन		१०००।००
नोट : यसमा उल्लेख खर्चको सिमा तथा दर नेपाल सरकारबाट तोकिए बमोजिम र प्रदेश सरकारबाट तोकिए बमोजिम हुनेछ । विशेष प्रकृतिको तालिम (राष्ट्रिय स्तरको प्रशिक्षक) भएमा औचित्य पुष्टयाई हुने गरी सम्झौताको आधारमा प्रशिक्षक भत्ता उपलब्ध गराउन सकिनेछ				

निर्णय नं. ८

मिथिला नगरपालिकाको निम्न पदाधिकारीहरुलाई सेवा सुविधा प्रदेश सरकारले तोके वमोजिम र निम्न अनुसारको ईन्धन तथा वैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निम्न:

पदाधिकारी तथा कर्मचारी	इन्धन मासिक	बैठक भत्ता प्रति बैठक
नगर प्रमुख	आवश्यकता अनुसार तथा प्रदेश सरकारले तोके वमोजिम	वैठकको अध्यक्षता गर्ने पदाधिकारी वा कर्मचारीलाई अर्थ मन्त्रालयबाट तोकिएको नम्स अनुसार वा प्रदेश सरकारले तोकिएको नम्स अनुसार
नगर उप प्रमुख	प्रदेश सरकारले तोके वमोजिम	
प्रमुख प्रशासकीय अधिकृत	लगबुक अनुसार	
वडा अध्यक्ष	प्रदेश सरकारले तोके वमोजिम	
कार्यपालिका सदस्य	प्रदेश सरकारले तोके वमोजिम	
सदस्य	प्रदेश सरकारले तोके वमोजिम	
अन्य कर्मचारी	कार्यालयको कामको आधारमा लगबुक अनुसार	

नोट:

- अन्य आमन्त्रित सदस्य र वाह्य कार्यालयका कर्मचारीहरुलाई रु. १०००।०० का दरले बैठक भत्ता उपलब्ध हुनेछ ।
- नगरपालिकाबाट गठित समिति, उप समिति, कार्यदल, बोलपत्र/दरभाउपत्र खोल्दा र मुल्यांकन गर्दा, डाक वढाबढको कार्य गर्दा, योजना अनुगमनको लागि समेत रु. १०००।०० का दरले बैठक भत्ता उपलब्ध हुनेछ ।

निर्णय नं. ५

मिथिला नगरपालिकामा जनशक्ति करारमा लिनु परेमा शसर्त बजेटमा व्यवस्था भएमा नेपाल सरकारबाट तोकिए बमोजिम र निशर्त बजेट भएमा निम्न बमोजिम मासिक पारिश्रमिक दिने निर्णय गरियो ।

• अधिकृत स्तर छैठौं इन्जिनियर (सिभिल)	नेपाल सरकारको स्केल
• अधिकृत स्तर छैठौं इन्जिनियर (आर्किटेक.)	नेपाल सरकारको स्केल
• अधिकृत स्तर छैठौं वातावरण अधिकृत	नेपाल सरकारको स्केल
• अधिकृत स्तर छैठौ सुचना प्रविधि अधिकृत	नेपाल सरकारको स्केल
• सहायक पाचौ सब इन्जिनियर	नेपाल सरकारको स्केल
• सहायक स्तर चौथो वा पाचौ कम्प्युटर अपरेटर	नेपाल सरकारको स्केल
• सहायक स्तर चौथो, पाँचौ अन्य	नेपाल सरकारको स्केल
• सहायक स्तर चौथो भेट. जेटिए	नेपाल सरकारको स्केल
• कार्यालय सहायक स्तर	नेपाल सरकारको स्केल
• विद्युत मिस्त्री	नेपाल सरकारको स्केल
• वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी	नेपाल सरकारको स्केल
• अन्य श्रेणी विहिन	
▪ कार्यालय सहयोगी	नेपाल सरकारको स्केल
▪ हल्का सवारी चालक	नेपाल सरकारको स्केल
▪ हेभी सवारी चालक	नेपाल सरकारको स्केल
▪ माली, बगैचे	नेपाल सरकारको स्केल
▪ कार्यालय सरसफाई कर्मी	मासिक रु. १८२३०।००
▪ कार्यालय सुरक्षा कर्मी (रात्री सेवा)	नेपाल सरकारको स्केल
▪ अन्य काम गर्ने गरी राखिएका ज्यालादारी कर्मचारी	स्थानीय दररेट अनुसार वा मासिक रु.१५५००।००

निर्णय नं.१० :

नगरसभाको तयारीका क्रममा खटिएका कर्मचारीहरुलाई साझ विहान अतिरिक्त काम गरेवापत उपस्थित दिनको निम्न बमोजिमको थप पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

कर्मचारी स्तर	प्रति दिन रु.
उप सचिव स्तर	१६००।००
अधिकृत स्तर	१४००।००
ना.सु. स्तर	१२००।००
खरिदार स्तर	१०००।००
कार्यालय सहयोगी	५००।००

निर्णय नं.११:

मिथिला नगरपालिकाका मुख्य कार्यालयमा कार्यरत कर्मचारीहरुको हकमा नगर प्रमुख तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको हकमा वडा समितिको निर्णय वमोजिम प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत र अन्य

अधिकृत कर्मचारीलाई २५, वडा सचिवलाई २० प्रतिशत र अन्य कर्मचारीलाई कामको आधारमा २० प्रतिशत सम्म प्रोत्साहन भत्ता दिन सकिने छ ।

निर्णय नं.१२:

नगर क्षेत्रमा संचालित विकास आयोजनाहरु संचालन गर्नका लागि आबश्यक पर्ने बस्तु तथा सेवाको स्थानीय दररेट निर्धारण गरी लागु गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.१३:

सवै वडा समितिको निर्णयवाट माग भई आए अनुसार यस नगर सभाले योजना वैंकको रुपमा अनुसूचीमा समावेश गरेको तर बजेटको प्राथमिकतामा पर्न नसकेका योजना र कार्यक्रमलाई नगरपालिकाको उपलब्ध स्रोत भएमा वा अन्य विकासका साझेदार निकायहरुसँगको साझेदारीमा प्राथमिकताका आधरमा संचालन गरी क्रमशः वडावासीका मागलाई सम्वोधन गर्दै लैजाने निर्णय गरियो।

निर्णय नं. १४

नगर क्षेत्र भित्र संचालनमा रहेका र अव उप्रान्त संचालनको लागि अनुमति माग भई आउने संस्थागत विद्यालयहरुलाई प्रचलित ऐन, कानून र परिपत्रका आधारमा नियमन गर्ने, कक्षा थप गर्ने, नयाँ विद्यालय संचालनका लागि अनुमति दिने अधिकार नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं. १५

साधारण रिक्सा, सिटी रिक्सा, अटो रिक्सा /टेम्फु लगायत नगर क्षेत्रमा संचालित सवारी साधनलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि भाडादर निर्धारण तथा पार्किङ लगायतका आबश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

नेपालको संविधान (२०७२) तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यस नगरपालिकाको समुन्नत विकासका लागि देश विदेशका नगरपालिका संग भगिनी सम्बन्ध कायम गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्याय नं. १७


स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण गर्न आबश्यक अभिलेखांकन गर्ने कार्यको निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १८

नगर तथा वडा स्तरबाट संचालन हुने सार्वजनिक निर्माणका आयोजना तथा कार्यक्रमहरुमा स्वीकृत वजेटको पूँजीगत बजेटबाट ३ प्रतिशतले हुन आउने रकम कन्टीन्जेन्सी रकम वापत कट्टा गर्ने र सो रकमबाट विकास निर्माण आयोजना सञ्चालन गर्दा खटिने कर्मचारीहरुको प्राविधिक तथा पारवहन खर्च तथा अन्य विस्तृत योजना प्रतिवेदन (DPR) खर्च, विकास आयोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक पर्ने मेशिनरी औजारहरु खरिद गने लगायत तोकिए वमोजिमको कार्यमा आवश्यक्ता बमोजिम योजना बनाई खर्च गर्न नगरकार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. १९

यस नगरपालिका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह सरकारी संस्था लगायतका संघ संस्थाहरुले यस नगर क्षेत्रमा संचालन गर्ने कार्यक्रम तथा परियोजनाहरु नगरपालिकाको स्वीकृत मापदण्डको अधिनमा रही नगरपालिकाले स्वीकृत गरे पश्चात मात्र परियोजना तथा कार्यक्रमहरु संचालन गर्न दिने निर्णय गरियो ।



निर्णय नं. २०

नगरपालिकामा स्थायी रुपमा कार्यरत कर्मचारीहरुको लागि सेवा सुरक्षालाई ध्यान दिदै घटिमा १ महिना बराबरको तलवलाई कर्मचारी कल्याण कोषमा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

दुई वा दुई भन्दा वढी स्थानीय तहलाई प्रत्यक्ष फाइदा पुग्ने योजना संचालन गर्न आवश्यक समन्वय गर्न नगर कार्यपालिकालाई अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. २२

मिथिला नगरपालिका भित्र बैदेशिक वा अन्तराष्ट्रिय संघ संस्थाले कार्यक्रम संचालन तथा लगानी गरी व्यवशाय गर्न चाहेमा नगरपालिका संग स्वीकृती लिई मात्र संचालन गर्न दिने निर्णय गरियो ।

निर्णय नं. २३

मिथिला नगरपालिका भित्र संचालनमा रहेका ठुला आयोजनाहरु नगरपालिकाले समय समयमा समन्वय, अनुगमन र राय सल्लाह दिई उक्त आयोजनालाई प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. २४

सातौँ नगर सभाबाट पश्चात नगरपालिकाबाट आर्थिक वर्ष २०७७/०७८ को हाल सम्म भएको आम्दानी र खर्च विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.२५ :

मिथिला नगरपालिकाको सातौँ नगर सभाबाट स्वीकृत भएका केही योजनाहरु कार्यान्वय गर्न कठिनाई भई नगर कार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार संशोधन भएका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २६ :

मिथिला नगरपालिकामा कार्यरत कर्मचारीहरुको आ.व. २०७८/०७९ को तलबमान सहितको तलबी प्रतिवेदन स्वीकृतिका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२७ :

मिथिला नगरपालिकाको आ.ब. ०७८/०७९ को बजेटमा व्यवस्था भए बमोजिमको रकमबाट खरीद गर्नु पर्ने निर्माण सामाग्री, सेवा तथा वस्तुहरुको खरिद योजना स्वीकृत गरी लागु गर्न नगरपालिकालाई अधिकार दिने निर्णय गरियो।

निर्णय नं. २८

मिथिला नगरपालिकाको आ.ब. २०७८/०७९ मा सञ्चालन हुने विकास निर्माण आयोजनाहरुको बार्षिक कार्यक्रम तथा बजेट बमोजिमको कार्ययोजना सहितको कार्यतालिका स्वीकृत गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.२५ :

मिथिला नगरपालिकाको वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम मर्मत गर्दा पनि सुचारु रुपमा संचालन हुन नसक्ने भनी प्राप्त भएका खर्च भएर नजाने जिन्सी सामानहरु लिलाम तथा नियमानुसार मिन्हा गर्नुपर्ने भए मिन्हा गर्न नगरपालिकालाई अधिकार दिने गरियो ।

निर्णय नं.३० :

मिथिला नगरपालिकाको क्षेत्र भित्र विविध बिषयहरुमा बिषयगत समिति तथा उपसमितिहरु र अन्य आवश्यक बिषयका समिति तथा उपसमिति गठन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.३१ :

मिथिला नगरपालिकालाई बुझाउनु पर्ने बाकी बक्यौता कर, पेश्की वेरुजु, वेरुजु, ऋण तथा अन्य विविध बक्यौता रकम नबुझाउने तथा फरफारक गर्न कुनै प्रक्रिया नचालेका ब्यक्ति तथा संस्थाहरुलाई पूर्वसूचना दिई न.पा.बाट प्रवाह गरिने सेवा रोक्का राख्ने निर्णय गरियो ।

निर्णय नं.३२ :

नगरमा आईपर्ने विपत्ती (विपद्) तथा अत्यावश्यक हुन योजनाहरु संचालन गर्नु पर्ने अवस्था आएमा आवश्यक व्यवस्थापन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३ :

नगर सभाबाट पारित कार्यक्रम तथा बजेट कार्यान्वयनको शिलशिलामा कुनै कारणले कार्यान्वयन हुन नसकेको अवस्था सृजना भएमा सम्बन्धित वडा समितिको सिफारिसमा सो कार्यक्रम तथा बजेट संसोधन, थप वा घट गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.३४ :

मिथिला नगरपालिका कार्यालयको गत विगत आ.व.मा सम्पन्न भएका अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औल्याएका वेरुजुहरुको सम्परीक्षण तथा नियमित गर्ने काम गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.३५:

यस कार्यालयमा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था नभए सम्मका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आ.ले.प. गराउने निर्णय गरियो ।

निर्णय नं.३६:

नगरपालिका गठन पूर्व निर्माण भएका व्यक्तिगत, संस्थागत र अन्य भवन तथा संरचनालाई नियमित र अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.३७:

सार्वजनिक, ऐलानी र पर्ति जग्गा तथा व्यापार व्यवसाय एवं उद्योगको लगत संकलन गर्ने कार्यलाई निरन्तरता दिने।

निर्णय नं.३८:

उपभोक्ता समिति मार्फत कार्यान्वयन हुन सक्ने प्रकृतिका योजनाहरु कार्यान्वयनका लागि निश्चित अवधिको सूचना दिई न.पा.द्वारा वडा कार्यालयको सिफारिसमा उपभोक्ता समिति गठन गर्न संभौताका लागि जानकारी दिने र

तोकिएको अवधिमा सम्झौता गर्न नआएमा सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए अनुसार अन्य विधिबाट खरिद गर्न नगरपालिकालाई अधिकार निर्णय गरियो ।

निर्णय नं.३९:

मिथिला नगरपालिकाकाको वस्ती विकास शहरी योजना तथा भवन निमार्ण सम्वन्धि आधारभुत निर्माण मापदण्ड, २०७५ अनुसार प्रभावकारी रुपमा नक्सापास प्रकृयालाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.४०:

नगरपालिका गठन हुनु पुर्व निर्माण भएका पक्की घर अभिलेखीकरण, नियमित गर्दा तोकीएको दस्तुरमा २५ प्रतिशत छुट दिई घर नक्सा प्रमाणित गरी दिने र नगरपालिका गठन भए पछी विना इजाजत भवन निर्माण गरि नक्सा पास गराउन आएमा तोकिएको ५ देखि २५ प्रतिशतसम्म दोव्बर दस्तुर लिई घर नक्सा नियमित /प्रमाणित गर्ने निर्णय गरियो ।

निर्णय नं.४१:

नगर शिक्षा समितिको सिफारिश अनुसार नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको व्यवस्थापन तथा दरवन्दी मिलान गर्नको लागि नगर कार्यपालिकालाई निर्देशन तथा अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.४२:

नगर क्षेत्र भित्र संचालनमा रहेका सवै सामुदायिक तथा संस्थागत विद्यालयहरुका कक्षा ५ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुले प्रति विद्यार्थी कम्तीमा २ जना निरक्षरलाई साक्षर गराई पूर्ण साक्षर नगरपालिका निर्माण गर्न सहयोग पुरयाउन सवै विद्यालयहरुलाई वडा कार्यालय मार्फत कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ४३:

नगर सभा संचालन कार्यबिधि २०७४ को दफा १६ वमोजिम अध्यक्षज्यूबाट प्रस्ताव निर्णयार्थ सभा समक्ष पेश हुँदा यस नगर सभाले निर्णय गर्नु पर्ने बिषयहरु नगर सभाको चालु बैठकमा आवश्यक तयारी पुरा गरी पेश गर्न समय सिमाका कारण सम्भव नभएको हुँदा नगर सभाबाट पारित ऐन वजेट, नीति कार्यक्रम प्रस्ताव एवं निर्णय कार्यन्वयन गर्ने लगाएतका बिषयहरुमा बाटो खुल्ला गर्न बाधा अड्काउ फुकाउन, कार्यक्रम बजेट कार्यान्वयन गर्न यस नगर सभामा निहित त्यस्ता अधिकारहरु नगर सभाबाट गठित बिधेयक समितिको सिफारिसको आधारमा कार्यन्वयन गर्नका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४४:

यस नगरपालिकामा गाभिएका साविक गाउँ विकास समितिबाट नियुक्ति पाई यस नगरपालिकामा समायोजन भएका स्थानीय निकायका कर्मचारीहरु र साविक जिल्ला विकास समिति हाल जिल्ला समन्वय समितिबाट यस नगरपालिकामा समायोजन भएका कर्मचारीहरुको मनोवल बढाई वृद्धि विकास गर्न यस मिथिला नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन (स्तर वद्धि) सम्बन्धमा व्यवस्था गर्न वनेको एने २०७८ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.४५:

यस नगरपालिकामा स्वीकृत दरबन्दीमा कार्यरत सेवा करारमा कार्यरत रहेका कर्मचारीहरुलाई यस नगरपालिका र कर्मचारी बिच भएको सेवा करारको सम्झौतामा तोकिएको सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.४६:

आगामी आ.व. २०७८।७९ मा यस नगरपालिकामा संघ र प्रदेशबाट प्राप्त हुने कार्यक्रमहरुको स्विकृत दरवन्दिका पदहरु र यस नगरपालिकाको आफनो कार्यक्रम संचालनको लागि आबश्यक पदहरुको सम्बन्धित कार्यक्रमहरुमा प्राप्त हुने अख्तियारीबाट खर्च व्यहोर्ने गरि पदपुर्तिको प्रक्रिया अघि बढाउने अधिकार कार्यपालिकामा प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.४७:

नगरपालिकाको आन्तरिक आय कम रहेकोले आन्तरिक आय श्रोत बृद्धि गर्नुपर्ने आबश्यक्ता देखिएकोमा नगरवासिहरुलाई करको बोझ कम हुने गरि करको दर बृद्धि बृद्धि गर्नु भन्दा करको क्षेत्र फराकिलो पार्ने नीति रहेकोले यस नगरपालिका अन्तर्गत व्यापार व्यबसाय लगायतका अन्य क्षेत्र हरुको पहिचान गर्ने, नगरपालिकामा दर्ता भएकाहरुलाई नियमित कर असुलि गर्ने र दर्ता नभई संचालन भएका व्यबासायहरुलाई दर्ताको प्रक्रियामा आवद्ध गरि कर संकलन गर्न घुम्ति टोलि परिचालन गर्न समिति गठनको लागि कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.४८:

अस्थायी तथा सेवा करारमा रहेका कर्मचारीहरुलाई फिल्ड काजमा खटिदा नेपाल सरकारका निजामति कर्मचारीलाई तोकिएको समान तहले पाउने बराबर दैनिक भत्ता उपलब्ध गराउने निर्णय गरियो । साथै सेवा करारमा रहेका कर्मचारीहरुलाई पोशाक भत्ता नेपाल सरकारले तोकेको दरमा उपलब्ध गराउने र एक महिनाको तलव बराबरको चाडपर्व खर्चको दिने निर्णय गरियो ।

निर्णय नं.४९:

नगर सभा संचालनमा सहयोग पुऱ्याउने नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रतिनिधि सभा तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरु, सबै राजनीतिक दल, प्रमुख प्रशासकिय अधिकृत लगायत सबै कर्मचारीहरु, संचारकर्मी, उद्योगी व्यबसायी लगाएत सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै आठौं नगरसभा सम्पन्न गरियो ।